
परिच्छेद-7

# पेन्सन/समाज कल्याण




## 1 पेन्सन

जापानको पेन्सन प्रणाली भनेको, अनुमान गर्न नसकिने भविष्यको तयारी गर्नका लागि, आउँदो पुस्ता सम्म समग्र समाजले एक अर्कालाई टेवा दिने र आजीवन सुरक्षालाई साकार पार्ने संयन्त्र हो।

काम गरिरहेका पुस्ताले तिरेको बिमा शुल्कलाई वृद्ध व्यक्तिहरूको पेन्सन लाभमा लगाउने पद्धतिबाट सञ्चालन भई रहेको छ।

### वृद्धावस्था आधारभूत पेन्सन/वृद्धावस्था कर्मचारी पेन्सन प्राप्त गर्दाको चित्रण



# 1-1 नागरिक पेन्सन

जापानको सार्वजनिक पेन्सन प्रणालीमा, सिद्धान्ततः जापान राष्ट्र भित्र बसोबास गर्ने 20 वर्ष देखि माथि र 60 वर्ष भन्दा मुनिका सबै व्यक्तिहरू, सार्वजनिक पेन्सन प्रणालीमा सामेल हुनु पर्नेछ।

## (1) बिमित (सामेल हुने व्यक्ति) एवम् सामेल प्रक्रिया

नागरिक पेन्सनको बिमित (सामेल हुने व्यक्ति)मा, नं. 1 देखि नं. 3 बिमित गरी 3 प्रकार रहेका छन्।

① **नं. 1 बिमित**

- स्वरोजगार गर्ने व्यक्ति या बिद्यार्थी आदि, नं. 2 बिमित र नं. 3 बिमितमा नपर्ने व्यक्तिहरू नागरिक पेन्सन नं. 1 बिमित हुने छन्।
- सामेल प्रक्रिया, मूल व्यक्तिको बसोबास रहेको गाउँपालिका/नगरपालिकाबाट अपनाइने छ।

② **नं. 2 बिमित**

- कम्पनी आदिमा काम गरेर, कर्मचारी पेन्सन बिमा मा सामेल रहेका व्यक्तिहरू, नागरिक पेन्सन नं. 2 बिमित हुने छन्।
- सामेल प्रक्रिया, कम्पनी आदि(व्यवसाय मालिक)ले गर्ने छन्।

③ **नं. 3 बिमित**

- कर्मचारी पेन्सन बिमा मा सामेल रहेका व्यक्ति (नागरिक पेन्सन नं. 2 बिमित)मा आश्रित रहेका पति/पत्नी नागरिक पेन्सन नं. 3 बिमित हुने छन्।
- सामेल प्रक्रिया, पति/पत्नी (नागरिक पेन्सन नं. 2 बिमित)ले काम गरिराखेको कम्पनी मार्फत हुनेछ।

* नं. 1 बिमितमा आश्रित रहेका पति/पत्नी, नं. 3 बिमित हुने छैनन्।
* कर्मचारी पेन्सन बिमामा सामेल रहेका 65 वर्ष देखि माथिका पेन्सनको प्राप्ति अधिकार भएको व्यक्तिमा आश्रित रहेका पति/पत्नी पनि नं. 3 बिमित हुने छैनन्।

थप रूपमा, (1) देखि (3) सम्मका कुनै पनि वर्गमा नपरेका र जापानमा बस्ने र ६० र ७० वर्षको बीचमा रहेका व्यक्तिहरू राष्ट्रिय पेन्सन योजना (स्वैच्छिक रूपमा नामांकन गरिएको बीमित व्यक्ति) अन्तर्गत बीमा गर्न योग्य हुन सक्छन्। भर्ना हुनका लागि व्यक्तिको क्षेत्रमा रहेको नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

* 65 देखि 69 वर्षका व्यक्तिहरूले अप्रिल 1, 1965 अघि जन्मेको वा 10-वर्ष योग्यता अवधि पूरा नगरेको केही आवश्यकताहरू पूरा गर्नुपर्छ।

## (2) बिमा शुल्क

- 1 बिमितको नागरिक र स्वैच्छिक रूपमा दर्ता भएका बीमा गरिएका पेन्सनको बिमा शुल्क समान हुनेछ। थप रूपमा, अनुरोधमा, नियमित प्रिमियमहरूको शीर्षमा प्रिमियमहरू (वैकल्पिक सदस्यहरू प्रति महिना 400 येन) गर्न सकिन्छ। नं. 2 बिमित, नं. 3 बिमितले नागरिक पेन्सनको बिमा शुल्क चुक्ता गर्नु पर्ने छैन।
- चुक्ता पत्र, (वित्तीय संस्थाको काउन्टर, सुविधा स्टोर, आदि मा भुक्तानी) ,खाताबाट रकमान्तर अथवा क्रेडिट कार्डबाट बिमा शुल्कको भुक्तानी गर्न सकिनेछ।
- बिमा शुल्क एकमुष्ट अग्रिम भुक्तानी गरेमा, छुट लागु हुनेछ।
- 1 बिमितको नागरिक चाहिँ आम्दानी घटेको या बेरोजगारी जस्ता कारणले बिमा शुल्क चुक्ता गर्न गाह्रो हुँदा, बिमा शुल्कको मिनाहा/स्थगन प्रणाली समेत रहेको छ।
- विस्तृतमा, बसोबास रहेको गाउँपालिका/नगरपालिका अथवा पेन्सन कार्यालयमा सोधपुछ गर्नुहोला।

* यदि बीमा प्रिमियम भुक्तान नगरी रह्यो भने,
  - "बुढापाका आधारभूत पेन्सन" भुक्तानी नगरेको प्रत्येक वर्षको लागि प्रति वर्ष लगभग 20,000 येनले घटाइनेछ।
  - यदि तपाईं असक्षम हुनुभयो भने, तपाईंले "अपाङ्गता आधारभूत पेन्सन" प्राप्त गर्न सक्नुहुने छैन।
  - मृत्युको घटनामा, शोक सन्तप्त परिवारले "आधारभूत जीवित व्यक्तिको पेन्सन" प्राप्त गर्न सक्दैन।

## (3) बिमा लाभ

### वृद्धावस्था आधारभूत पेन्सन

- पेन्सन प्राप्त गर्ने योग्यता अवधि (बिमा शुल्क चुक्ता गरेको अवधि र बिमा शुल्क मिनाहा भएको अवधि आदि) 10 वर्ष वा सो भन्दा माथि भएका व्यक्तिले, 65 वर्ष देखि वृद्धावस्था आधारभूत पेन्सन प्राप्त गर्न सक्नेछन्।
- वृद्धावस्था आधारभूत पेन्सन राशि बिमा शुल्क चुक्ता गरेको अवधि अनुसार निर्धारित हुनेछ।
- 20 वर्ष देखि 60 वर्षको उमेर सम्म, 40 वर्ष बिमा शुल्क चुक्ता गरेको व्यक्तिले, वृद्धावस्था आधारभूत पेन्सनको पूर्ण राशि प्राप्त गर्न सक्नेछ।
- अतिरिक्त प्रिमियम तिरेका ब्याक्तिले "200 येन × महिनाको अतिरिक्त प्रिमियम भुक्तान गरिएको छ" को अतिरिक्त पेन्सन रकम (वार्षिक रकम) प्राप्त गर्न सक्छन्।

* बिमा शुल्क चुक्ता नगरेको अवधि, पेन्सन प्राप्त गर्ने योग्यता अवधि हुने छैन।

* बिमा शुल्क मिनाहा गरिएको अवधि भएको व्यक्तिको वृद्धावस्था आधारभूत पेन्सन राशिको हकमा, मिनाहाको प्रकार र आधारभूत पेन्सनको राष्ट्रिय कोषले वहन गर्ने दर अनुरूप हिसाब विधि फरक पर्नेछ।

### अपाङ्गता आधारभूत पेन्सन

- निम्न सबै बुँदा भित्र परेको व्यक्तिले अपाङ्गता आधारभूत पेन्सन प्राप्त गर्न सक्नेछ।

① पहिलो पटक जँचाएको दिन (अपाङ्गताको कारक भएको रोग या चोटपटक सम्बन्धमा, पहिलो पटक डाक्टर वा दन्त चिकित्सक द्वारा चेकजाँच गराएको दिन) नागरिक पेन्सनमा सामेल रहिरहेको अवधि भित्र नै रहेको
② बिरामी वा चोटको कारणले निश्चित मात्रा भन्दा बढी अपाङ्गता बाँकि रहेको
③ पहिलो पटक जँचाएको अघिल्लो दिनमा बिमा शुल्क चुक्ता सम्बन्धी आवश्यक सर्त पुरा गरिराखेको

- अपाङ्गता आधारभूत पेन्सनको अपाङ्गता श्रेणी अन्तर्गत, श्रेणी-1, श्रेणी-2 रहेका छन्।
- अपाङ्गता आधारभूत पेन्सनको राशि, श्रेणी अनुसार फरक हुनेछन्।

① अपाङ्गता श्रेणी-1 → वृद्धावस्था आधारभूत पेन्सनको पूर्ण राशिको 1.25 गुणा बराबर राशि
② अपाङ्गता श्रेणी-2 → वृद्धावस्था आधारभूत पेन्सनको पूर्ण राशि बराबर राशि

- श्रेणी-1, श्रेणी-2 सँगसँगै, "बच्चा" भएमा थप हिसाब हुनेछ।

### मृतक परिवार आधारभूत पेन्सन

- निम्न बुँदा भित्र परेका "बच्चा भएका पति/पत्नी" अथवा "बच्चा" ले, मृतक परिवार आधारभूत पेन्सन प्राप्त गर्न सक्ने छन्।

⇒① अथवा ② मा परेको


① नागरिक पेन्सन बिमित अथवा बिमित रहेको व्यक्तिको मृत्यु भएको समयमा, उक्त व्यक्तिले नागरिक पेन्सनको बिमा शुल्कको चुक्ता सम्बन्धी आवश्यक सर्त पुरा गरिराखेको
② वृद्धावस्था आधारभूत पेन्सनको प्राप्त गर्ने योग्यता अवधि 25 वर्ष वा सो भन्दा माथि रहेको व्यक्तिको मृत्यु भएको

⇒ मृत्यु भएको व्यक्तिमा निर्भर रही जीवन निर्वाह गर्दै आएको

- मृतक परिवार आधारभूत पेन्सनको राशि, वृद्धावस्था आधारभूत पेन्सनको पूर्ण राशि बराबरको राशि हुनेछ। "बच्चा" पनि भएमा थप हिसाब हुनेछ।

महत्वपूर्ण बन्दिु

**"बच्चा" भन्नाले**



"बच्चा" भन्नाले विवाह नभई सकेको तल दिइएका जस्ता बालबच्चालाई इङ्गित गर्दछ।

- जन्मे देखि 18 वर्ष पुगेकै आर्थिक वर्षको मार्च 31 तारिख सम्मको अवधिका बालबालिका
- 20 वर्ष भन्दा मुनिका, अपाङ्गता श्रेणी; श्रेणी-1 अथवा श्रेणी-2 को अपाङ्ग अवस्था भएका बालबालिका

### मृतक एकमुष्ट रकम

- नं. 1 बिमित स्वरूपको बिमा शुल्क चुक्ता गरिसकेको अवधिको महिना सङ्ख्याहरू 36 महिना वा सो भन्दा माथि भएका व्यक्तिले, वृद्धावस्था आधारभूत पेन्सन र अपाङ्गता आधारभूत पेन्सन दुवै प्राप्त नगर्दै मृत्यु भई, निजको मृतक परिवारले मृतक परिवार आधारभूत पेन्सन प्राप्त गर्न नसक्दा, निज मृतक परिवारले मृतक एकमुष्ट रकम प्राप्त गर्न सक्नेछन्।
- बिमा शुल्क चुक्ता गरेको अवधि र बिमा शुल्क मिनाहा गरिएको अवधि अनुसार मृतक एकमुष्ट रकमको राशि फरक पर्नेछ।

### एकल महिला पेन्सन

- नागरिक पेन्सन नं. 1 को बिमित स्वरूपको बिमा शुल्क चुक्ता गरेको अवधि 10 वर्ष नाघिसकेको पतिको मृत्यु भएमा, पतिको मृत्यु हुँदाको उक्त बखतमा पतिमा नै निर्भर रही जीवन निर्वाह गर्दै आएको र निजको वैवाहिक सम्बन्ध 10 वर्ष भन्दा अघि देखि निरन्तर चलिरहेको पत्नीले 60 वर्ष देखि 65 वर्ष नपुग्दा सम्मको बिचमा, एकल महिला पेन्सन प्राप्त गर्न सक्ने छिन्।
- एकल महिला पेन्सनको राशि, पतिको नं.1 बिमित रहेको अवधि मात्रको आधारमा हिसाब गरेको वृद्धावस्था आधारभूत पेन्सन राशिको 4 भागको 3 हुनेछ।

## 1-2 कर्मचारी पेन्सन बिमा

लागु हुने उद्यम स्थलमा काम गर्ने श्रमिक, आवश्यक सर्त पुरा भएमा कर्मचारी पेन्सन बिमामा सामेल हुनेछन्। (लागु हुने उद्यम स्थलको आवश्यक सर्त तथा कर्मचारी पेन्सन बिमामा सामेल हुँदाको आवश्यक सर्त, स्वास्थ्य बिमा बिमाको सर्तसँग समान रहनेछ।)

कर्मचारी पेन्सन बिमामा सामेल हुनुपर्ने दायरामा नपरेका श्रमिक नागरिक पेन्सनमा सामेल हुनेछन्।

### (1) बिमित (सामेल हुने व्यक्ति)

- लागु हुने उद्यम स्थलमा काम गर्ने 70 वर्ष भन्दा मुनिका व्यक्ति, आवश्यक सर्त पुरा भएमा कर्मचारी पेन्सन बिमाको बिमित (सामेल हुने व्यक्ति) हुनेछन्।
- 70 वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरू र केही आवश्यकताहरू पूरा गर्दैनन् जस्तै बुढेसकाल आधारभूत निवृत्तिभरण प्राप्त गर्न योग्य नहुनेहरूले पनि अनुरोधमा बीमा (बृद्धा ऐच्छिक ग्राहक) बन्नका लागि योग्य हुन सक्छन्।

#### * लागु हुने उद्यम स्थलको आवश्यकताहरू

तल दिइएका जस्ता उद्यम स्थल, लागु हुने उद्यम स्थलमा पर्नेछन्।

① कर्पोरेट कम्पनी लगायतका संस्था

② कृषि तथा जलस्रोत उद्योग/सेवामूलक व्यवसाय आदि बाहेकका व्यक्तिगत उद्यम स्थल (5 जना वा सो भन्दा माथिको)

③ मालिक र कामदारको सहमति अनुसार स्वेच्छिक लागु हुने ब्यवसाय

### * बीमित व्यक्ति बन्नका लागि आवश्यकताहरूd

व्यवसायको लागू हुने स्थानमा प्रयोग हुने (a) देखि (c) को कुनै पनि अन्तर्गत पर्ने व्यक्ति एक बीमा व्यक्ति हो।

(a) पूर्ण-समय कर्मचारीहरू, कर्पोरेट प्रतिनिधिहरू, र अधिकारीहरू

(b) व्यवसायको एउटै स्थानमा समान काममा संलग्न (पार्टटाइमर, पार्टटाइम कामदार, इत्यादि) प्रति हप्ता तोकिएको काम घण्टा र प्रति महिना तोकिएको कामका दिनहरू तीन-चौथाई वा बढी नियमित कर्मचारीहरू हुन्।

(c) नियमित कर्मचारीको संख्या नियमित कर्मचारीको तीन चौथाइभन्दा कम भए पनि (1) तोकिएको साप्ताहिक कामको घण्टा 20 घण्टा वा सोभन्दा बढी, (2) कम्तिमा 88,000 येनको आधार ज्याला, (3) गैर-विद्यार्थीहरू, (4) 101 जना भन्दा बढी कर्मचारीहरू भएको कम्पनीहरूमा काम गरिरहेको, जस्ता चार वटा आवश्यकताहरू पूरा गर्ने ब्याक्ति

(नोट 1) राष्ट्रिय वा स्थानीय सरकारहरूसँग सम्बन्धित कार्यालयहरूमा कार्यरत व्यक्तिहरूको ① देखि ③ को आवश्यकताहरु मात्रले बीमा व्यक्ति बन्दछन्।

(नोट 2) (4) मा कम्पनीको आकार अक्टोबर 1, 2024 पछि 51 वा सोभन्दा बढी हुनेछ।

(नोट 3) दुई महिना भन्दा कम अवधिको लागि रोजगारी हुने अपेक्षा गरिएको र सो अवधिभन्दा बढी काम गर्न नसकिने व्यक्तिहरू योग्य छैनन्। (प्रारम्भिक रोजगारी अवधि दुई महिना भन्दा कम भए पनि, नवीकरणको सम्भावना छ भने, कर्मचारीले सम्झौताको सुरुदेखि नै सामाजिक बीमाको लागि योग्य हुन सक्छ।)

## (2) बिमा शुल्क

- मूल व्यक्तिले वहन गर्नुपर्ने हिस्साको बिमा शुल्क निम्न तरिकाले हिसाब गरिनेछ।

हरेक महिनाको तलब (मानक पारिश्रमिक मासिक राशि) र बोनस (मानक बोनस राशि) × बिमा शुल्क दर ÷ 2

* कर्मचारी पेन्सन बिमाको बिमा शुल्क, व्यवसाय मालिक र बिमित (सामेल हुने व्यक्ति) ले आधा-आधा वहन गर्नेछन्।

## (3) बिमा लाभ

### वृद्धावस्था कर्मचारी पेन्सन

- वृद्धावस्था आधारभूत पेन्सनका लागि योग्यता आवश्यकताहरू पूरा गर्ने र कम्तिमा एक महिनाका लागि कर्मचारी पेन्सन बीमामा भर्ना भएकाहरू वृद्धावस्था कर्मचारीहरूको पेन्सन लाभहरू प्राप्त गर्न योग्य छन्।
- वृद्धावस्था कर्मचारी पेन्सनको राशि, कर्मचारी पेन्सनमा बिमित (सामेल हुने व्यक्ति) रहँदाको बखतको हरेक महिनाको तलब (मानक पारिश्रमिक मासिक राशि) हरू र बिमित रहेको अवधि कति लामो थियो भन्ने अनुरूप निर्धारण हुनेछ।

* कुनै एक निश्चित सालमा जन्मिएका व्यक्ति, जसको बिमा शुल्क चुक्ता सम्बन्धी आवश्यक सर्त पुरा भएको छ, उनीहरूले 65 वर्ष हुनु अगावै वृद्धावस्था कर्मचारी पेन्सन प्राप्त गर्न हुनसक्छ।

### कर्मचारी अपाङ्गता पेन्सन

- निम्न लिखित सबै बुँदा भित्र परेको व्यक्तिले कर्मचारी अपाङ्गता पेन्सन प्राप्त गर्न सक्नेछन्।

① कर्मचारी पेन्सन बिमामा सामेल रहेको अवधि भित्र पहिलो पटक जँचाएको (अपाङ्गता गराउने रोग वा चोटको सम्बन्धमा चिकित्सक वा दन्तचिकित्सकलाई जँचाएको दिन,) हो।,

② रोग या चोटपटकको कारणले एक निश्चित हद भन्दा माथिको अपाङ्गता बाँकी रहेको

③ पहिलो पटक जांच गरेको अघिल्लो दिनमा बिमा शुल्कको चुक्ता सम्बन्धी आवश्यक सर्त पुरा गरेको

- कर्मचारी अपाङ्गता पेन्सनको अपाङ्गता श्रेणी अन्तर्गत, श्रेणी-1, श्रेणी-2, श्रेणी-3 रहेका छन्।
- कर्मचारी अपाङ्गता पेन्सनको राशि, श्रेणी अनुसार फरक हुनेछन्।



परिच्छेद-1 परिच्छेद-2 परिच्छेद-3 परिच्छेद-4 परिच्छेद-5 परिच्छेद-6 परिच्छेद-7 परिच्छेद-8 परिच्छेद-9 परिच्छेद-10 परिच्छेद-11 परिच्छेद-12

① अपाङ्गता श्रेणी-1 → वृद्धावस्था कर्मचारी पेन्सनको 1.25 गुणा बराबर राशि
② अपाङ्गता श्रेणी-2, श्रेणी-3 → वृद्धावस्था कर्मचारी पेन्सन बराबरको राशि

* अपाङ्गता श्रेणी-3 को कर्मचारी अपाङ्गता पेन्सनमा न्यूनतम सुरक्षा राशि रहेको छ। न्यूनतम सुरक्षा राशि = श्रेणी-2 को अपाङ्गता आधारभूत पेन्सन राशि × 3/4

कर्मचारी अपाङ्गता पेन्सन प्राप्त गर्न सक्ने अपाङ्गताको हद भित्र नपरे पनि एकमुष्ट रकम स्वरूप, अपाङ्गता भत्ता रकम प्राप्त गर्न सक्ने पनि हुनसक्छ।

## मृतक कर्मचारी परिवार पेन्सन

- निम्न बुँदा मध्ये कुनै एक भित्र पर्ने र मृत्यु भएको व्यक्तिमा निर्भर रही जीवन निर्वाह गर्दै आएको मृतकको परिवारले, 'मृतक कर्मचारी परिवार पेन्सन' प्राप्त गर्न सक्नेछन्।

① बिमा शुल्क चुक्ता सम्बन्धी आवश्यक सर्त पुरा गरी, बिमित (सामेल हुने व्यक्ति) रहेको व्यक्तिको मृत्यु हुँदा
② बिमा शुल्क चुक्ता सम्बन्धी आवश्यक सर्त पुरा गरी, बिमित (सामेल हुने व्यक्ति) रहेको अवधि भित्रै लागेको रोग या चोटपटकको कारणले पहिलो पटक जँचाएको दिनबाट 5 वर्ष भित्रमा मृत्यु हुँदा
③ वर्तमानमा अथवा बिगतमा बिमित रहेको, वृद्धावस्था आधारभूत पेन्सनको पेन्सन प्राप्त गर्ने योग्यता अवधि 25 वर्ष वा सो भन्दा माथि रहेको व्यक्तिको मृत्यु हुँदा
④ श्रेणी-1/श्रेणी-2 को कर्मचारी अपाङ्गता पेन्सन प्राप्त गर्न सक्ने व्यक्तिको मृत्यु हुँदा


- 'मृतक कर्मचारी परिवार पेन्सन'को राशि, मृत्यु भएको व्यक्तिको वृद्धावस्था कर्मचारी पेन्सन राशिको 4 भागको 3 बराबर हुनेछ।

महतत्वपूर्ण बन्दिु

### मृतक परिवार भन्नाले

मृतक परिवार भन्नाले निम्न व्यक्तिहरू इङ्गित हुनेछन्।

① पति/पत्नी (पति 55 वर्ष वा सो भन्दा माथि, 60 वर्ष देखि भुक्तानी पाउने)
② बालबच्चा (नागरिक पेन्सनमा भनेकै जस्तो बालबच्चा)
③ बाबुआमा (55 वर्ष वा सो भन्दा माथि, 60 वर्ष देखि भुक्तानी पाउने)
④ नातिनातिना (बालबच्चा र नातिनातिनाको आवश्यक सर्त उही हुने)
⑤ बाजे/बज्यै (55 वर्ष वा सो भन्दा माथि, 60 वर्ष देखि भुक्तानी पाउने)



* मृतक परिवार आधारभूत पेन्सन प्राप्त गर्ने अधिकार पतिमा भएको बेलामा, 'मृतक कर्मचारी परिवार पेन्सन' 55 वर्ष देखि प्राप्त गर्न सक्नेछन्।

* बाबुआमा, नातिनातिना, बाजे/बज्यैको हकमा अगाडिको क्रममा भएको व्यक्तिले प्राप्त गर्दा उनीहरूले प्राप्त गर्न सक्ने छैनन्।

# 1-3 'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम'

## मागदाबी गर्नका लागि आवश्यक सर्त

निम्न सबै बुँदाहरूमा पर्ने व्यक्तिले, जापानबाट निस्किने अबस्थामा 'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम' मागदाबी गर्न सक्नेछन्।

① जापानी नागरिकता नलिएको
② कर्मचारी पेन्सन बिमाको बीमित व्यक्ति (सहभागी व्यक्ति) भएको अवधि अथवा नागरिक पेन्सन प्राथमिक बीमित व्यक्तिको रूपमा बीमा प्रिमियम भुक्तानी गरिएको अवधि, आदि 6 महिना वा सो भन्दा बढी सामेल रहेको
③ वृद्धावस्था पेन्सन प्राप्तिको योग्यता लागि आवश्यक सामेल हुनुपर्ने अवधि (कुल 10 वर्ष) पुरा नगरेको
④ जापानमा ठेगाना मेटाएको
⑤ राष्ट्रिय निवृत्तिभरण वा कल्याण पेन्सन बीमा प्रणालीको बिमित नरहेको
⑥ अपाङ्गता पेन्सन आदि पाउने अधिकार कहिल्यै प्राप्त नगरेको
⑦ जापानबाट निस्केपछि 2 वर्ष भित्र

## मागदाबी गर्दा ध्यान पुर्‍याउनुपर्ने बुँदा

'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम' मागदाबी गर्दा, निम्न सावधानी अपनाउनु पर्ने बुँदाहरू राम्ररी बुझ्नहोला।

① 'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम' प्राप्त गरे पछि, मागदाबी गर्नु भन्दा पहिलेको जापानको पेन्सन प्रणालीमा सामेल रहेको रेकर्ड सबै मेटिनेछ। यसर्थ भविष्यमा जापानको वृद्धावस्था पेन्सन प्राप्त गर्न सम्भावनालाई विचार गर्दै, 'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम' मागदाबी गर्ने या नगर्ने राम्ररी सोच्नुहोला।

* 'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम' मागदाबी फाराम, जापान पेन्सन सङ्गठनको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ। गि, मागदाबी फारामको नोटमा राम्ररी पढ्नुहोला।

② जापान पेन्सन सङ्गठनले मागदाबी फाराम पाएको दिनमा, तपाईंको ठेगाना अझै जापान भित्र भएमा, 'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम' प्राप्त गर्न सकिने छैन। यसर्थ, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा गएर, बसाइँ जाने सूचना दर्ता (तेन्स्यूचु तोदोके भनिने) पेस गरेपछि स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम माग गर्नुहोला।

③ जापानबाट निस्किनु अघि, जापान राष्ट्र भित्रबाट मागदाबी फाराम हुलाक आदि मार्फ़त पेस गर्ने हो भने, मागदाबी फाराम देश निस्केको दिन पश्चात् जापान पेन्सन सङ्गठनमा पुग्ने गरी पठाउनुहोला।

④ 'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम'को भुक्तानी राशि, जापानको पेन्सन प्रणालीमा सामेल भएको अवधि अनुरूप, तिरेको बिमा शुल्कको निश्चित बर्ष अधिकतम सीमा मानेर हिसाब गरिनेछ।

2021 अप्रिल महिनाबाट यो अधिकतम सिमा बर्षको संख्या बृद्धि गरिएको छ। सामेल भएको अवधि अनुरुप बिस्तृतमा अधिकतम बर्ष संख्या निम्न अनुसार छन्।

**◎ पेन्सनमा सामेल अवधि सन् 2021 मार्च अघि मात्र भएमा**

भुक्तानी गरेको बिमा शुल्कको 3 बर्ष (36 महिना) अधिकतम सिमाको रुपमा हिसाब गरिने

**◎ पेन्सनमा सामेल अवधी 2021 अप्रिल पछि पनि भएमा**

भुक्तानी गरेको बिमा शुल्कको 5 बर्ष (60 महिना) अधिकतम सिमाको रुपमा हिसाब गरिने

अब, जापानमा पटक पटक बसोबास गरी, जापानको पेन्सन प्रणालीमा सामेल हुने अवधि कुल अधिकतम बर्ष वा सो भन्दा माथि हुने योजना भएको व्यक्तिले, सामेल अवधि अनुरूपको 'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम' प्राप्त गर्न चाहेमा, हरेक पटक देश निस्कने बखतमा, 'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम' मागदाबी गर्नुपर्ने हुनसक्छ।

मागदाबी फाराम, पठाउने ठेगाना, 'स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम'को विस्तृत जानकारीहरू बारेमा, जापान पेन्सन सङ्गठन Japan Pension Service को वेबसाइटबाट बुझ्नहोला।

https://www.nenkin.go.jp/service/jukyu/todoke/kyotsu/20150406.html

महत्वपूर्ण बुँदा

### सामाजिक सुरक्षा सम्झौता

जापान, हाल धेरै देशहरूसँग सामाजिक सुरक्षा सम्झौतामा अनुबन्धित भएको छ। सामाजिक सुरक्षा सम्झौतामा अनुबन्धित देशको पेन्सनमा सामेल अवधि भएको व्यक्तिले, आ-आफ्नो देशको पेन्सन प्रणालीमा सामेल भएको अवधि छोटो भए पनि, दुवै देशको पेन्सनमा सामेल भएको अवधि जोडेर, जापान या सम्झौता गरेर अनुबन्धित राष्ट्रको पेन्सन प्राप्त गर्न सक्ने हुनसक्छ।



जापान कुन कुन देशसँग सामाजिक सुरक्षा सम्झौतामा अनुबन्धित रहेको छ भन्ने बारेमा, स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट आदि हेर्नुहोला।

https://www.mhlw.go.jp/stf/seisakunitsuite/bunya/nenkin/nenkin/shakaihoshou.html

# 2 केयर गिभिङ् बिमा

जापानमा, केयर गिभिङ् आवश्यक भएका वृद्ध व्यक्ति आदिलाई समग्र समाजले टेवा दिने संयन्त्र स्वरूपको केयर गिभिङ् बिमा प्रणाली रहेको छ। केयर गिभिङ् बिमा प्रणालीमा सामेल हुने व्यक्तिले, बिमा शुल्क चुक्ता गरी, केयर गिभिङ् आवश्यक भएको बेला लाग्ने खर्चको केही अंश तिरेर, केयर गिभिङ् सेवा उपयोग गर्न सक्नेछन्।



## 2-1 सामेल हुनको लागि दायरामा पर्ने व्यक्ति

40 वर्ष देखि माथिको उमेर भएर ,3 महिना नाघ्ने गरी जापानमा जीवनयापन गर्ने अवस्थामा, केयर गिभिङ् बिमामा सामेल हुन सक्नेछन्।

## 2-2 बिमा शुल्क

केयर गिभिङ् बिमामा सामेल हुनको लागि दायरामा पर्ने व्यक्तिको, अघिल्लो वर्षको आय आदि अनुरूप, चुक्ता गर्नुपर्ने बिमा शुल्क निर्धारण हुनेछ। यस बिमा शुल्क, आयका अलावा, निम्न कोउमेरको वर्गीकरण या बसोबास रहेको क्षेत्रहरू अनुसार फरक हुनेछ।

① 65 वर्ष वा सो भन्दा माथि (नं. 1 बिमित)
  सिद्धान्ततः पेन्सनबाट कट्टी गरेर असुल गरिनेछ। (केही व्यक्तिहरूको चुक्ता पत्र आदिबाट असुल)

② 40 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनि (नं. 2 बिमित)
  यसलाई चिकित्सा बीमा शुल्कमा थपिनेछ।

केयर गिभिङ् बिमा प्रणाली (नं. 2 बिमित) को विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.mhlw.go.jp/stf/newpage_10548.html

## 2-3 केयर गिभिङ् सर्भिसको उपयोग

केयर गिभिङ् सर्भिस उपयोगको प्रवाह, निम्नानुसार हुनेछ।

① गाउँपालिका/नगरपालिकामा "केयर गिभिङ् आवश्यकता (सहायता आवश्यक) प्रमाणीकरण" निवेदन दिएर, मान्यता प्राप्त गर्ने।

* केयर गिभिङ् सर्भिस उपयोग गर्नका निमित्त, "केयर गिभिङ् आवश्यकता (सहायता आवश्यक) प्रमाणीकरण" चाहिने छ।
* निवेदन दिएपछि, शारीरिक मानसिक स्थिति बारेमा जाँच गरिनेछ र, सामान्यतया 30 दिन भित्रमा नतिजा सूचित गरिनेछ।

② केयर म्यानेजर या स्थानीय समावेशी सहायता केन्द्रमा केयर गिभिङ् सर्भिस योजना (केयर प्लान) बनाउन अनुरोध गर्ने।


* सुविधा स्थल भित्र प्रवेश गर्ने बखतमा, सुविधा स्थलमा सिधैँ निवेदन दिनुहोला।

③ केयर प्लान बमोजिम सर्भिस लिने।

* यसका अलावा, "केयर गिभिङ् आवश्यकता (सहायता आवश्यक) प्रमाणीकरण" प्राप्त नगरेका व्यक्तिको लागि केयर गिभिङ् रोकथाम/जीवनयापन सहायता सर्भिस पनि रहेका छन्। विस्तृतमा, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।

# 3 बाल कल्याण

## 3-1 बालबालिका भत्ता



परिच्छेद-4 को 3; 3-4 बालबालिका भत्ता हेर्नुहोस्।

## 3-2 बालबालिका लालनपालन भत्ता

- एकल अभिभावक भएको घरबार आदिमा हुर्किरहेका बालबच्चा (*)का निमित्त भुक्तानी गरिने भत्ता हो।
- निम्न मध्ये कुनै एक भित्र पर्ने बालबच्चाहरूको हेरचाह गरिरहेको भएमा प्राप्त गर्न हुनेछ।

① बाबुआमा बिच सम्बन्ध टुटेका बालबच्चा
② बाबु अथवा आमाको मृत्यु भएको बालबच्चा
③ बाबु अथवा आमामा एक निश्चित अपाङ्गताको स्थिति भएकाको बालबच्चा
④ बाबु अथवा आमा मरेबाँचेको थाहा नभएको बालबच्चा आदि

* बालबच्चा भन्नाले, जन्मे देखि 18 वर्ष पुगेकै आर्थिक वर्षको मार्च 31 तारिख सम्मको अवधिका व्यक्ति या 20 वर्ष भन्दा मुनिको एक निश्चित अपाङ्गता भएका व्यक्तिलाई भनिन्छ।

### मासिक भुक्तानी राशि

* आर्थिक वर्ष 2023 को राशि (महँगी अनुसार हरेक आर्थिक वर्षमा परिवर्तन हुनेछ)

- छोराछोरी 1 जना भएमा

  पुरा भुक्तानी हुँदा: 44,140 येन आंशिक भुक्तानी हुँदा: 44,130 येन देखि 10,410 येन सम्म

- छोराछोरी 2 जना वा सो भन्दा माथिको लागि थप हिसाब राशि

  [दोस्रो बच्चा]

  पुरा भुक्तानी हुँदा: 10,420 येन आंशिक भुक्तानी हुँदा: 10,410 येन देखि 5,210 येन सम्म

  [तेस्रो छोराछोरी देखि प्रति 1 जना]

  पुरा भुक्तानी हुँदा: 6,250 येन आंशिक भुक्तानी हुँदा: 6,240 येन देखि 3,130 येन सम्म

* भुक्तानी राशिको हकमा, महँगी अनुसार हरेक वर्ष परिवर्तन हुनेछ र, अघिल्लो वर्षको आय एक निश्चित राशि भन्दा माथि भएको व्यक्तिलाई भुक्तानी लिन सकिने छैन। साथै, सार्वजनिक पेन्सन आदि प्राप्त गर्न सक्दा, भत्ता राशिको पूर्ण राशि अथवा आंशिक राशि भुक्तानी गरिने छैन। विस्तृतमा, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।

## 3-3 विशेष बालबालिका लालनपालन भत्ता

मानसिक अथवा शारीरिक अपाङ्गता भएका बालबच्चा (20 वर्ष भन्दा मुनि)लाई घरमा हुर्काइरहेका बाबुआमाहरूलाई भुक्तानी लिन सकिने छ ।

* बाबुआमाहरूको अघिल्लो वर्षको आय एक निश्चित राशि भन्दा माथि भएमा भुक्तानी लिन सकिने छैन। विस्तृतमा, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।

### प्राप्त गर्न सकिने राशि

* आर्थिक वर्ष 2023 को राशि (महँगी अनुसार हरेक आर्थिक वर्षमा परिवर्तन हुनेछ)

- विशेषतः गम्भीर (अपाङ्गता आधारभूत पेन्सन श्रेणी-1 सरह) अपाङ्गता भएका बालबच्चा भएमा

  1 जना बराबर 53,700 येन/महिना

- गम्भीर (अपाङ्गता आधारभूत पेन्सन श्रेणी-2 सरह) अपाङ्गता भएका बालबच्चा भएमा

  1 जना बराबर 35,760 येन/महिना

## 3-4 अपाङ्ग बालबालिका कल्याण भत्ता

मानसिक अथवा शारीरिक रूपमा गम्भीर अपाङ्गता भएकोले, दैनिक जीवनयापनमा हरदम केयर गिभिङ् आवश्यक हुने स्थितिमा रहेका बालबच्चा (20 वर्ष भन्दा मुनि)लाई भुक्तानी लिन सकिने छ ।

* मूल व्यक्ति आदिको अघिल्लो वर्षको आय एक निश्चित राशि भन्दा माथि भएमा भुक्तानी लिन सकिने छैन। विस्तृतमा, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।

### प्राप्त गर्न सकिने राशि

* आर्थिक वर्ष 2023 को राशि (महँगी अनुसार हरेक आर्थिक वर्षमा परिवर्तन हुनेछ)

15,220 येन/महिना

# 4 अपाङ्गता कल्याण

## 4-1 हाते परिचयपत्र

शारीरिक वा मानसिक अपाङ्गता भएमा, त्यसको हद अनुसार अपाङ्गता हाते परिचयपत्र प्राप्त गर्न सकिनेछ। हाते परिचयपत्र पाएपछि, कर रकममा छुट या यातायात भाडामा छुट जस्ता व्यवस्थाको उपयोग गर्न सकिनेछ।

### अपाङ्गता हाते परिचयपत्रको प्रकार

- शारीरिक अपाङ्गता हाते परिचयपत्र: शरीरमा स्थायी रूपमा रहने अपाङ्गता भएका व्यक्ति
- नर्सिङ हाते परिचयपत्र: बौद्धिक अपाङ्गता भएका व्यक्ति
- मानसिक अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य कल्याण हाते परिचयपत्र: मानसिक अपाङ्गताको कारणले दैनिक जीवनयापन अथवा सामाजिक जीवनयापन गर्न बाधा परेका व्यक्ति

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.mhlw.go.jp/stf/seisakunitsuite/bunya/hukushi_kaigo/shougaishahukushi/techou.html

* परामर्शको लागि नजीकको स्थानिय निकायमा सोधपुछ गर्नुहोला।

## 4-2 अपाङ्ग व्यक्ति/अपाङ्ग बच्चाको लागि प्रशासनिक सेवा



अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनयापन या सामाजिक जीवनयापनमा सहायता दिनका निमित्त विभिन्न सेवा उपयोग गर्न सकिने छ। सेवाको प्रकार अन्तर्गत, केयर गिभिङ या तालिमको सहायताहरू रहेका छन्।

साथै, अपाङ्ग बच्चाको लागि हुने प्रशासनिक सेवाको प्रकार अन्तर्गत, अपाङ्ग बच्चाको वृद्धि विकासमा सहायता या, केयर गिभिङ आदि रहेका छन्।

अपाङ्ग व्यक्ति/अपाङ्ग बच्चाको लागि प्रशासनिक सेवा बारेको विस्तृत जानकारीको लागि, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।

# 5 जीवनयापन संरक्षण

5-1 को जस्ता कुराहरू अपनाउँदा पनि, घरपरिवारको आम्दानीले न्यूनतम जीवनयापन खर्च गर्न अपर्याप्त भएमा, न्यूनतम जीवनयापन खर्चबाट आम्दानीलाई घटाएर आएको फरक राशि बराबरको रकम, संरक्षण खर्च स्वरूप प्राप्त गर्न सकिनेछ।

* न्यूनतम जीवनयापन खर्च, स्वास्थ्य श्रम तथा कल्याण मन्त्रीले तोकेको रकम हुनेछ।

विदेशी नागरिकको हकमा, निम्न व्यक्तिहरू जीवनयापन संरक्षण अनुसारको संरक्षणको दायरा भित्र पर्न सक्नेछन्।

- स्थायी बसोबासी (पर्मानेन्ट रेसिडेन्ट), जापानी नागरिकको पति/पत्नी आदि, स्थायी बसोबासी (पर्मानेन्ट रेसिडेन्ट)को पति/पत्नी आदि, निर्धारित स्थायी बसोबासी (लङ्ग-टर्म रेसिडेन्ट) जस्ता गतिविधिमा कुनै हदबन्दी नभएका व्यक्ति

विस्तृतमा, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।

## 5-1 जीवनयापन संरक्षण प्राप्त गर्ने क्रमको आवश्यक सर्तहरू

### (1) सम्पत्तिको उपयोग

राखेको/बचत गरेको पैसा, जीवनयापनको लागि उपयोग नगरिएको जग्गा/घर आदि भएमा, बिक्री आदि गरेर जीवनयापन खर्चमा लगाउनुहोला।

### (2) क्षमताको उपयोग

काम गर्न सक्ने व्यक्तिले, आफ्नो क्षमता अनुसारको काम गर्नुहोला।

### (3) अन्य लाभ आदि

पेन्सन या भत्ता जस्ता अन्य प्रणालीबाट लाभ प्राप्त गर्न सक्ने अवस्थामा, पहिला त्यस्तो लाभ उपयोग गर्नुहोला।

### (4) पालनपोषण गर्नुपर्ने कर्तव्य भएका व्यक्तिद्वारा गरिने पालनपोषण

नजिकका नातेदारहरूबाट सहायता लिन मिल्ने अवस्थामा, सहायता लिनुहोला।

## 5-2 संरक्षणको प्रकार र विषयवस्तु

जीवनयापन चलाउने क्रममा आवश्यक खर्च अनुरूप भुक्तानी निर्धारण गरिनेछ।

| जीवनयापन चलाउने क्रममा आवश्यक खर्च | सहायताको प्रकार | भुक्तानीका विषयवस्तु |
|---|---|---|
| दैनिक जीवनयापनमा आवश्यक खर्च (खाना खर्च, लत्ताकपडा, ग्याँस/बत्ती/पानी खर्च आदि) | जीवनयापन सहायता | • खाना खर्च जस्ता व्यक्तिगत खर्च<br>• ग्याँस/बत्ती/पानी खर्च जस्ता घरपरिवारको साझा खर्च मिलाएर मानक राशि गणना |
| अपार्टमेन्ट आदिको भाडा | आवास सहायता | तोकिएको परिधि भित्र रहेर वास्तविक लागत भुक्तानी |
| अनिवार्य शिक्षा प्राप्त गर्नका निमित्त आवश्यक विद्यालयका सामग्री आदिको खर्च | शिक्षा सहायता | तोकिएको मानक राशि भुक्तानी |
| चिकित्सा उपचार सेवाको खर्च | चिकित्सा उपचार सहायता | खर्च सिधैँ चिकित्सा उपचार निकायमा भुक्तानी (मूल व्यक्तिले वहन गर्नु नपर्ने) |
| केयर गिभिङ् सर्भिसको खर्च | केयर गिभिङ् सहायता | खर्च सिधैँ केयर गिभिङ् उद्यमीलाई भुक्तानी (मूल व्यक्तिले वहन गर्नु नपर्ने) |
| प्रसूति खर्च | प्रसूति सहायता | तोकिएको परिधि भित्र रहेर वास्तविक लागत भुक्तानी |
| रोजगारको लागि आवश्यक सिप प्राप्ती आदिमा लाग्ने खर्च | जीविकोपार्जन सहायता | तोकिएको हद भित्र रही वास्तविक खर्च भुक्तानी |
| अन्त्येष्टि खर्च | अन्त्येष्टि सहयोग | तोकिएको हद भित्र रही वास्तविक खर्च भुक्तानी |

# 6 गुजारा चलाउन गाह्रो व्यक्तिलाई आत्मनिर्भरतामा टेवा दिने व्यवस्था



गुजारा चलाउन गाह्रो व्यक्तिलाई आत्मनिर्भर हुन टेवा दिने परामर्श काउण्टर रहेको छ। परामर्श विषयवस्तु अनुसार, रोजगारी, घरायसी खर्च आदिको लागि सहायता पाउन सकिनेछ। विस्तृतमा, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।